# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १६ गते २०४० साल

श्री ५ को सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको वस्तु देहायका परिमाणमा मात्र निकासी गर्न स्वीकृति दिने गरी नियन्त्रण गरेकोले यो आदेश जारी गरेको छ ।

१. चाँदी वा चाँदी मिश्रित धातुबाट बनेका हस्तकलाका वस्तुहरूको कम्तीमा ३५ प्रतिशत मूल्य अभिवृद्धि भएमा वा चाँदीको अन्तर्राष्ट्रिय बजार मूल्यभन्दा ती वस्तुहरूको निकासी मूल्य ३५ प्रतिशत बढी भएमा निकासी गर्न दिने ।

२. क्रमसंख्या (१) मा उल्लेख भएका वस्तुहरू नेपाली तथा भारतीय पर्यटक बाहेक अरू विदेशी पर्यटकहरूलाई ५० तोलासम्म लैजान दिने। ५० तोलाभन्दा बढी लैजान चाहने पर्यटकहरूको लागि त्यस्ता सामान नेपाल राष्ट्र बैङ्कबाट अनुमति प्राप्त बिक्रेताहरूमार्फत बिक्री गर्ने ।

३. सुन तथा चाँदीको पालिस जलप वा कोटिङ मात्र गरी तयार गरिएका हस्तकलाका वस्तुहरू (साबिकबमोजिम) पुरातात्विक महत्त्वको भएमा बाहेक निकासी गर्न दिने ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८०५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८०